नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
स्याङ्जा

फोन नं. ०६३–४२०९४५,९८५६०५०००८
E-mail: pmamp.piu.syangja@gmail.com
वेबसाइटः piusyangja.pmamp.gov.np

पत्र संख्या :– ०७८/७९

## कार्यक्रम सञ्चालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८।०९।०१**

**सूचना नं.-०४**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जाको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार भैंसी जोन अन्तर्गतको कार्यक्षेत्रहरुमा तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/फर्म/उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र अर्थात (मिति २०७८/०९/१५ गते भित्र) यस परियोजना कार्यान्वयन एकाइ, स्याङ्जामा देहाय बमोजिमको आवश्यक कागजातहरु संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि यस परियोजना कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिनेछ। समयमा पेश नभएको वा रित नपुगेको दरखास्त उपर कुनै कार्वाही हुने छैन।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संख्या | अनुदानको अधिकतम सीमा (%) | कार्यक्रम सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १ | चिलिङ्ग भ्याट/मिल्क एनालाइजर/डिप फ्रिज/होमोनाइजर/चिलिङ्ग हिटर सहितको दुध संकलन केन्द्र स्थापना सहयोग कार्यक्रम | १ | (५०-८५) क्रियाकलाप अनुसार | परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार | सहकारीहरुले मात्र आवेदन पेश गर्न पाउने। |
| २ | दुध संकलन तथा ढुवानीको लागि दुध ढुवानी गाडी खरिद सहयोग कार्यक्रम | १ | ५० | | सहकारीहरुले मात्र आवेदन पेश गर्न पाउने। |
| ३ | आधुनिक गोठ निर्माण सहयोग कार्यक्रम | ८ | ५० | | |
| ४ | गोठ सुधार सहयोग कार्यक्रम | ४० | ५० | | |
| ५ | घाँस उत्पादन कार्यक्रम | ५ हे. | ५० | | घाँसहरुको बीउ |
| ६ | पशु नश्ल सुधारका लागि भैंसी खरिद सहयोग कार्यक्रम | २० | ५० | | |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

- रु १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन। निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- समूह/सहकारीहरुको हकमा कार्यक्रम माग सम्बन्धि कार्य समितिको बैठक निर्णयको प्रतिलिपि।
- चिलिङ्ग भ्याट/मिल्क एनालाइजर/डिप फ्रिज/होमोनाइजर/चिलिङ्ग हिटर सहितको दुध संकलन केन्द्र स्थापना सहयोग कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को विवरण वा भाडाको जग्गा भएमा कम्तीमा २० वर्षको सम्झौतानामा पत्र।
- चिलिङ्ग भ्याट/मिल्क एनालाइजर/डिप फ्रिज/होमोनाइजर/चिलिङ्ग हिटर सहितको दुध संकलन केन्द्र स्थापना सहयोग कार्यक्रम र दुध संकलन तथा ढुवानीको लागि दुध ढुवानी गाडी खरिद सहयोग कार्यक्रमको हकमा सम्बन्धित स्थानिय तहको आवश्यक सहयोग गर्ने तथा कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र।
- सम्बन्धित निकायमा समूह/सहकारी/फर्म/उद्यमी हरुको पान दर्ता प्रमाणपत्रको प्रतिलिपि, दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।(समूह/सहकारीको हकमा वार्षिक लेखापरीक्षण प्रतिवेदन।)

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत

माधव प्रसाद लम्साल
वरिष्ठ कृषि अधिकृत